प.सं. **आइ.सि.एफ.सि./०८१-०८२/प्र.शा./०१९५**

मिति : २०८१/१०/११

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**बिषय : एक्काईसौं वार्षिक साधारण सभाको निर्णय सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस संस्थाको २०८१ साल पौष २९ गतेका दिन सम्पन्न एक्काईसौं बार्षिक साधारण सभाको निर्णय (माइन्युट) यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा सादर अनुरोध गर्दछौं ।

संलग्न:-
१ थान एक्काईसौं बार्षिक साधारण सभाको निर्णय (माइन्युट)

भबदिय,

ICFC FINANCE LIMITED

लक्ष्मणप्रसाद जैसी
कम्पनी सचिव

ICFC FINANCE LIMITED आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
1425, Thirbam Sadak, Bhatbhateni, Kathmandu, Nepal, P.O. Box: 25460, Tel: 977-1-4525292, Email: info@icfc.com.np
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था
www.icfc.com.np

# आइ.सि.एफ.सि.फाइनान्स लिमिटेडको
# मिति २०८१ पुस २९ गते सोमबारका दिन सम्पन्न भएको
# एक्काईसौं वार्षिक साधारण सभाको निर्णय माइन्युटको विवरण

भाटभटेनी, काठमाण्डौ ।

# आइ.सि.एफ.सि फाइनान्स लिमिटेडको
# एक्काईसौं वार्षिक साधारण सभाको
# निर्णयको विवरण

आइ.सि.एफ.सि.फाइनान्स लिमिटेडको एक्काईसौं वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री सुशीलकुमार अर्यालज्यूको सभापतित्वमा देहाय बमोजिम गरी सम्पन्न भयो ।

## १) सभा भएको मिति, समय र स्थान

मिति : २०८१ पुस २९ गते सोमबार (तद्नुसार जनवरी १३, २०२५)
समय : बिहान १०:०० बजे ।
स्थान : बौद्ध हेरिटेज, पिपलबोट बौद्ध, काठमाण्डौ ।

## २) सभाको सूचना प्रकाशन

(क) यस कम्पनीको मिति २०८१/०९/०५ गते शुक्रबारका दिन बसेको सञ्चालक समितिको ३३९औं बैठकले निर्णय गरे बमोजिम कम्पनीको एक्काईसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम ४ को उपनियम (३) अनुसार मिति २०८१ पौष ०७ गते र २०८१ पौष १८ गते क्रमश: नेपाल समाचारपत्र र आर्थिक अभियान राष्ट्रिय दैनिकमा गरी २ पटक सूचना प्रकाशित गरिएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, कम्पनीको वित्तीय विवरणहरु, सम्बन्धित शेयरधनीहरुको ठेगानामा एक्काईसौं वार्षिक साधारणसभा बस्ने बारेको सूचना साथ संलग्न गरी पठाईएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा एक्काईस दिन अगावै तयार गरी कम्पनीको रजिष्टर्ड कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

(घ) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडलाई अनुरोध गरी पत्राचार गरिएको ।

(ङ) साधारण सभामा आमन्त्रित भईदिनका लागि बाह्य लेखापरीक्षक श्री एन. अमात्य एण्ड कं. चार्टर्ड एकाउन्टेन्टस् र कानूनी सल्लाहाकार बरिष्ठ अधिवक्ता श्री नरेन्द्रप्रसाद गौतमलाई अनुरोध गरी पत्राचार गरिएको ।

## ३) सभामा प्रस्तुत छलफलका विषयहरु

### क. सामान्य प्रस्तावहरु

१. आर्थिक वर्ष २०८०/८१ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
३. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको ५.२६३२ प्रतिशतका दरले हुने नगद लाभांश रु. ६,२२,८७,९४५।२६ (अक्षरुपी छ करोड बाईस लाख सतासी हजार नौं सय पैंतालिस रुपैयाँ र छब्बीस पैसा मात्र) (नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारीस बमोजिम आ.व. २०८१/८२ को लागि बाह्य लेखा परीक्षक नियुक्त तथा निजको पारिश्रमिक निर्धारण गर्ने (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक एन.अमात्य एण्ड कं. चार्टर्ड एकाउन्टेन्टस् पुन:नियुक्ति हुन योग्य हुनुहुन्छ ।)

ICFC FINANCE LIMITED
ICFC

५. संस्थापक समुहबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव**

**ग. विविध**

## ४) सभामा उपस्थिति

**(क) संचालकहरुको उपस्थिति**

| | |
|---|---|
| श्री सुशीलकुमार अर्याल | अध्यक्ष |
| श्री हेमशिखा जोशी (गर्ग) | सञ्चालक |
| श्री सफल भट्टराई | सञ्चालक |
| श्री बिजय मान श्रेष्ठ | सञ्चालक |
| प्रा. राजेन्द्र गोपाल श्रेष्ठ | सञ्चालक |

**(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री भीम प्रसाद पराजुली, सहायक रजिष्ट्रार
२. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नविन कुमार भट्टराई
३. श्री सुनिल पन्त, प्रमुख कार्यकारी अधिकृत
४. श्री अमित श्रेष्ठ, नायव प्रमुख कार्यकारी अधिकृत
५. श्री लक्ष्मणप्रसाद जैसी, कम्पनी सचिव तथा नायव महाप्रबन्धक
६. श्री रोनेश चित्रकार, प्रबन्धक
७. श्री सागरनिधि तिवारी, नायव प्रबन्धक
८. कानूनी सल्लाहाकार बरिष्ठ अधिवक्ता श्री नरेन्द्रप्रसाद गौतम
९. बरिष्ठ अधिवक्ता श्री रामचन्द्र सुवेदी, निर्वाचन अधिकृत

**(ग) शेयरधनीको उपस्थिति**

| | |
|---|---|
| (क) शेयरधनी स्वयं | ९० |
| (ख) प्रोक्सीबाट | १४९ |
| **जम्मा उपस्थित** | **२३९** |

## ५) सभाको गणपुरक संख्या

| शेयर तथा शेयरधनी | जम्मा शेयर, शेयरधनी संख्या | स्वयं उपस्थित | प्रतिनिधि मार्फत उपस्थित | जम्मा उपस्थित | शेयरको प्रतिनिधित्व (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| शेयर | १,१८,३४,७०९.६० | २,७०,४२१.१९ | ६३,४५,५५०.०० | ६६,१५,९७१.१९ | ५५.९० |
| शेयरधनी | २४,६८४ | ९० | १४९ | २३९ | ०.९७ |

## ६) सभाको वैधानिकता

सभा संचालन गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावली बमोजिम कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधिमार्फत उपस्थिति हुनुपर्ने प्रावधान अनुसार कम्पनीको एक्काईसौं वार्षिक साधारण सभामा कूल शेयर संख्या मध्ये ५५.९० प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने ९० जना शेयरधनीहरु स्वयं सभामा उपस्थित भएको र १४९ जना प्रतिनिधि मार्फत उपस्थित भई कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम सभा संचालन गर्नका लागि गणपुरक संख्या पुगी सभा वैधानिक रहेको कुरा कम्पनी सचिव श्री लक्ष्मणप्रसाद जैसीज्यूले सभालाई जानकारी गराउनु भयो । साथै, कम्पनी सचिवले संचालक समितिका अध्यक्ष श्री सुशीलकुमार अर्यालज्युलाई सभाको सभापतित्व ग्रहण गरि सभालाई अगाडी बढाउन अनुरोध गर्नुभयो ।



ICFC FINANCE LIMITED ICFC

७) **सभाको सभापतित्व**
वार्षिक साधारण सभाको सभापतित्व कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) बमोजिम संचालक समितिका अध्यक्ष श्री सुशीलकुमार अर्यालज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो । साथै संचालक समितिका अन्य सदस्यज्यूहरु, कम्पनीका पदाधिकारी, आमन्त्रित प्रतिनिधि, पर्यवेक्षक समेतलाई सभास्थलको मन्चमा आई बस्न कम्पनी सचिवले अनुरोध गरे बमोजिम उहाँहरु समेतले आसन ग्रहण गर्नुभयो ।

८) **सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुती**
सभापति महोदयले उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै एक्काईसौं वार्षिक साधारण सभाको कार्यक्रम अघि बढाउनु भयो । यसरी सभाको कार्यक्रम अघि बढाउने क्रममा सभापति महोदयले सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो तथा शेयरधनी महानुभावहरुलाई प्रतिवेदनमा छलफल गरि पारित गरिदिन अनुरोध गर्नुभयो ।

९) **एक्काईसौं वार्षिक प्रतिवेदन तथा वित्तीय विवरणको प्रस्तुति**
सभाका सभापतिज्यूले संचालक समितिको तर्फबाट कम्पनीको एक्काईसौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८०/८१ को वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र अनुसुचीहरु तथा सभामा प्रेषित अन्य प्रस्तावहरु सभामा छलफलका लागि प्रस्तुत गर्नुभयो ।

१०) **छलफलको लागि आह्वान**
साधारण सभामा शेयरधनीहरुले निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप सभापतिज्यूले सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८०/८१ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनूसूचीहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलको लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई सहभागी हुन अनुरोध गर्नुभयो ।

११) **छलफलमा सहभागी हुने शेयरधनीहरु र नीजहरुले व्यक्त गरेका धारणाको संक्षिप्त विवरण:**

**१. श्री दामोदर प्रसाद रेग्मी :** उपस्थित सबैलाई सम्बोधन गर्दै पौष मसान्तको दिन साधारणसभा गर्नु भन्दा अरु दिन गर्दा राम्रो हुने थियो । समयमै साधारणसभा गर्न सफल भएकोमा सञ्चालक समिति र व्यवस्थापनलाई धन्यवाद दिनु भयो । धरै बैंक तथा वित्तीय संस्थाले लाभांश दिन नसकेकोमा यस संस्थाले ५.२६३२ प्रतिशत नगद लाभांश दिएकोमा धन्यबाद दिनु भयो । Provision बढि रहेकोमा ध्यान दिन र कम गर्न जरुरी देखिन्छ । । अन्तमा आइ.सि.एफ.सि. को उत्तरोत्तर प्रगतिको कामना गर्दै सबै प्रस्तावमा मेरो सर्मथन जनाउदछु ।

**२. श्री शत्रुधन श्रेष्ठ :** आइ.सि.एफ.सि.फाइनान्सको गरिमामय आदरणिय २१औं वार्षिक साधारणसभामा अध्यक्षज्यू, प्रमुख कार्यकारी अधिकृत हाम्रा आदरणीय सबल, सक्षम, इमान्दार प्रमुख कार्यकारी अधिकृत सुनिल पन्त सर ज्यूमा नमस्कार । फाइनान्सको व्यवसायको आकार तथा शाखा सञ्जालको अधिकतम उपयोग गर्दै दिगो, सबल र सक्षम बैकिङ अभ्यास गर्दै लैजानु हुनेछ भन्ने मैले अपेक्षा गरेको छु । कर्जा, निक्षेप तथा अन्य सुविधाको लागि नयाँ सेवाहरुको सुरुवात गरी ग्राहक Base मा विविधता ल्याउने र फाइनान्सले तयार गरेको पूवधार र सेवाहरुलाई अधिकाशँ सेवाग्राहिहरु माझ बृहत सीपले विस्तार गर्दै लैजानु हुनेछ भन्ने अपेक्षा गरेको छु । सुचना प्राविधिकको मध्यमबाट बैकिङ्ग सेवा तथा सूचना सुरक्षा (Information security) मा आईपर्ने जोखिम न्यूनिकरण गर्न सुझाव दिनुभयो ।

**३. चन्द्र नारायण श्रेष्ठ :** श्री अध्यक्ष ज्यू । आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडका संचालक ज्यू तथा प्रमुख कार्यकारी अधिकृतज्यू तथा सम्पूर्ण व्यबस्थापनमा रहेका कर्मचारी साथि तथा आदरणीय शेयरधनीहरुमा नमस्कार । म चन्द्रनारायण श्रेष्ठ यस आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडको वार्षिक साधरण सभा आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्रमा नै गर्न सकेकोमा हार्दिक धन्यवाद छ । संस्थाले सधै झै शेयरधनीलाई प्रतिफल दिने गरेको छ । यस वर्ष पनि नगद लाभाशं ५.२६३२% ले

ICFC FINANCE LIMITED

६.२२८७ करोड बाड्ने प्रस्ताव प्रति हार्दिक धन्यबाद प्रकट गर्दछु । यस वर्ष कूल वासलातको आकार घटेको छ र कूल जोखिम व्यवस्था २८.३३ करोडवाट ४२.१७ करोडमा चढेको छ । यो वृद्धि १३.८४ करोड अर्थात ४८.८५% हो । वाणिज्य बैंकहरुको यस्तो वृद्धिदर ५४% हाराहारीमा छ । यो वाणिज्य बैकहरुको दाजोमा कम त हो तर यसमा ध्यान पुग्नुपर्नेछ । म यसलाई घटाउन निवेदन गर्दछु । असूल हुन बांकी ब्याज वापत १७.८४ लाख मात्र नियमनकारी कोषमा छुटाइएको छ तर गतवर्ष २.३३ करोड थियो । अन्तमा यस कंम्पनीको वार्षिक साधारण सभा सफलताको कामना साथ कम्पनीको भविष्य उज्जल होस । धन्यवाद

**४.नरसिंह लाल चखूँ :** वार्षिक प्रतिवेदन र वित्तीय सूचानंकको प्रगति उन्नमुख छ। नगद लाभांशका लागि संचालक समिति, व्यवस्थापक र मानव सशोधन टिमलाई धन्यवाद । LLP लाई कम गर्ने र write back एंव Add back तिर व्यवस्थापन को सकृयता कायम गरेको देखिन्छ । NPL लाई improve गर्ने लगायत आम्दानी क्षेत्रलाई प्रवर्दन गर्न व्यवस्थापन सचेत छन भन्ने आशा गरेको छु । NPL लाई व्यवस्थापन गर्ने तिर पनि फाइनान्स सजग भइरहेको छ। साथै, Default Risk लाई control एवम् कम गर्ने तिर सकृय भइरहेको र credit Recovery Team पनि Loan/Credit management मा दत्तचिन्त भई लागि रहेकोछ। Basic objective र Strategic Policy समयानुकुल प्रयोग गर्ने । Cost of Fund minimization एवं Profit minimization मा पनि संस्था सचेत भएर लागेको छ । अन्तमा आइ.सि.एफ.सि. को उत्तरोत्तर प्रगतिको कामना गर्दै सबै प्रस्तावमा मेरो सर्मथन जनाउदछु।

**१२. सभापतिज्यूको प्रतिउत्तरः**

सभापतिज्युको आज्ञाले संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री सुनिल पन्तले वार्षिक साधारण सभालाई सार्थक तथा जीवन्त बनाउन शेयरधनी महानुभावज्यूहरुले दिनुभएको सुझावहरुको सराहनीय गर्दै उहाँहरुलाई आफ्नो बहुमूल्य समय निकाली साधारणसभामा सक्रीय भाग लिइदिनु भएकोमा धन्यवाद दिँदै सभामा उठेका जिज्ञासाहरुको बुँदागद जबाफ दिनुभयो तथा शेयरधनीहरुको जिज्ञासा र सुझावहरुमा विस्तृत रुपमा विवेचना गरी शेयरधनीहरुको रचनात्मक सुझावहरु क्रमशः लागू गर्ने जानकारी गराउनु भयो ।

**१३) सभाका निर्णयहरु**

**क. साधारण प्रस्तावको सम्बन्धमा सभाबाट भएका निर्णयहरु**

१. आर्थिक वर्ष २०८०/०८१ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने :- एक्काईसौ वार्षिक साधारणसभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन उपर विस्तृत छलफल पश्चात् पारित गरी दिन सभापति महोदयले पेश गर्नुभएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने :- सभापतिज्युले पेश गर्नुभएको लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत् सम्बन्धी अनुसूचीहरु उपर छलफल गरियो र सर्वसम्मतिबाट पारित गरियो ।

३. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको ५.२६३२ प्रतिशतका दरले हुने नगद लाभांश रु. ६,२२,८७,९४५।२६ (अक्षेरुपी छ करोड बाईस लाख सतासी हजार नौं सय पैंतालिस रुपैयाँ र छब्बीस पैसा मात्र ) (नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने :- सञ्चालक समितिले सिफारिस गरे बमोजिम २०८१ आषाढ मसान्तको नाफाबाट रु.६,२२,८७,९४५.२६/-( छ करोड बाईस लाख सतासी हजार नौं सय पैंतालिस रुपैयाँ र छब्बीस पैसा मात्र) (नगद लाभांशको कर प्रयोजनको लागि समेत)) नगद लाभांश शेयरधनीहरुमा वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

ICFC FINANCE LIMITED ICFC

४. लेखापरीक्षण समितिको सिफारीस बमोजिम आ.व. २०८१/८२ को लागि बाह्य लेखा परीक्षक नियुक्त तथा निजको पारिश्रमिक निर्धारण गर्ने (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बाहालवाला लेखापरीक्षक एन.अमात्य एण्ड कं. चार्टर्ड एकाउन्टेन्टस् पुनःनियूक्ति हुन योग्य हुनुहुन्छ ।) :-आर्थिक वर्ष २०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्ने क्रममा सभापतिज्यूले कम्पनीको लेखापरीक्षण समितिले पेश गरेको तीनवटा प्रस्ताव श्री जे.बी.राजभण्डारी एण्ड डीबीएनएस, श्री पी.एल.श्रेष्ठ एण्ड को.र श्री एन. अमात्य एण्ड कम्पनीको प्रस्ताव मध्ये लेखापरीक्षक **श्री एन.अमात्य एण्ड कं., चार्टर्ड एकाउन्टेन्टसुलाई** लेखापरीक्षण शुल्क वापत रु.८,४०,०००/- (अक्षेरुपी आठ लाख चालीस हजार मात्र) (भ्याट बाहेक) प्रदान गर्ने गरी नियुक्त गर्न सिफारीस गरेको व्यहोरा सभालाई अवगत गराउनु भयो र सो उपर छलफल हुँदा लेखापरीक्षण समितिको सिफारिस अनुसार **श्री एन.अमात्य एण्ड कं.,चार्टर्ड एकाउन्टेन्टसुलाई** लेखापरीक्षण शुल्क वापत **रु.८,४०,०००/- (अक्षेरुपीः- आठ लाख चालीस हजार मात्र) (भ्याट बाहेक)** प्रदान गर्ने गरी आ.व. २०८१/८२ को बाह्य लेखापरीक्षकमा नियुक्त गर्न सर्वसम्मतिबाट पारित गरियो ।

५. संस्थापक समूहबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना संचालक पदको निर्वाचन गर्ने :- सभाको निर्धारित विषयसूची नं.५ बमोजिम यस फाइनान्सको संचालक समितिमा संस्थापक तर्फबाट ३ सदस्यका लागि भएको निर्वाचनमा उम्मेदवारी दर्ता गर्नुभएको तीन जना श्री सुशीलकुमार अर्याल, श्री अच्युतराज आचार्य र श्री रचना अधिकारी निर्विरोध निर्वाचित हुनु भएको नतिजा निर्वाचन अधिकृतले वार्षिक साधारण सभामा घोषण गर्नु भयो ।

**ख. विशेष प्रस्तावको सम्बन्धमा सभाबाट भएका निर्णयहरु**

**ग. विविध**

यस संस्थाका सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने संचालक श्री टंकराम गौतमज्यूले आफ्नो व्यक्तिगत कारणले संस्थाको संचालक पदबाट मिति २०८१/०२/२१ गते देखि लागु हुने गरि राजिनामा दिनुभएकोले निजको बाँकी अवधिको लागि उक्त रिक्त संचालक पदमा मिति २०८१/०३/१३ गते सोही समूहका शेयरधनी श्री बिजय मान श्रेष्ठलाई संचालक पदमा नियुक्ति गरीएको हुदाँ सोको अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**१४) धन्यवाद ज्ञापन तथा सभाको बिसर्जन**

अन्त्यमा सभापतिज्यूले सभामा छलफल गर्नुपर्ने अन्य प्रस्ताव नभएकोले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुबाट प्राप्त अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसै गरी कम्पनीको एक्काईसौं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउने सम्पूर्ण कर्मचारी वर्ग लगायत व्यवस्थापन टोली, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग लि., कम्पनी रजिष्ट्रारको कार्यालय तथा लेखापरीक्षक, कानूनी सल्लाहकार लगायत सम्पूर्ण संचालकहरुले पुऱ्याउनु भएको सहयोगको लागि आभार व्यक्त गर्नुभयो ।

तत्पश्चात् सभापतिज्यूले अपरान्ह १२:३० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

...........................
(लक्ष्मणप्रसाद जैसी)
कम्पनी सचिव

ICFC FINANCE LIMITED

...........................
(सुशीलकुमार अर्याल)
सभापति